# Nepalese Student Association
(Kent-NSA)
Kent State University

KENT STATE UNIVERSITY

मिति: नोभेम्बर ४, २००९

**Executive Committee (2009/10)**

**President**
Tej Gautam
tgautam1@kent.edu

**Vice-President**
Prabin Rai
prai@kent.edu

**Secretary**
Harishchandra Subedi
hsubedi@kent.edu

**Treasurer**
Mamaki Shakya
mshakya@kent.edu

**Editor**
Prabin Regmi
pregmi@kent.edu

**Members**

Roshani Tamang
rtamang@kent.edu

Suresh Ghimire
sghimir1@kent.edu

Deepak Koirala
(Imm. Past Act. President)
dkoirala@kent.edu

नमस्ते !

तपाई यस केन्ट स्टेट विश्वविद्यालयमा उच्च अध्ययनका लागि आउन लाग्नु भएको खबरले हामी हर्षित भएका छौं । यस विश्वविद्यालयमा नेपालीहरुको साझा संस्था, Nepalese Student Association at Kent State University (Kent-NSA), तपाईलाई हार्दिक स्वागत गर्दछ।

तपाईको यात्राको तयारी तथा यहाँ आई सकेपछिका प्रारम्भिक दिनहरुको बसाईंमा आवश्यक सहयोग गर्न हामी तत्पर छौं।

तपाईलाई हाम्रो बारेमा जानकारी चाहिएमा Kent-NSA का पदाधिकारीहरुलाइ वा kentnsa@kent.edu मा ई-मेल गर्नुहोला। तपाईलाई अन्य कुनै कुरा बुझ्न तथा कुनै पनि विषयमा जानकारी आवश्यक परेमा Kent-NSA को वेब साईट http://www.dept.kent.edu/stuorg/nepalese/ र यस विश्वविद्यालयको International Student and Scholar Services को वेब साईट http://www.kent.edu/isss/ हेर्नुहोला।

तपाईको केन्ट बसाइको लागि ध्यान दिनु पर्ने केहि आधारभुत कुराहरुलाइ हामीले निम्न अनुसार बुँदागतरुपमा प्रस्तुत गरेका छौं, र यसले तपाईको बसाइलाइ सहज बनाउने विश्वास लिएका छौं।

१) **राष्ट्रिय पोशाक**: तपाईको आफनो समुदायलाई चिनाउने वा चलनचल्तिमा रहेको राष्ट्रियता झल्काउने कुनैपनि पोशाक आफनो प्रयोजनको लागी एक जोर ल्याउनु भए हुन्छ।
२) **लुगाफाटो**: केन्टमा जाडोमा असाध्यै जाडो र गर्मीमा ठिक्क गर्मी हुन्छ। जाडो झंडै ५-६ महिना (November देखि March सम्म) को लागी न्यानो कपडा र हिउमा प्रयोग गर्न मिल्ने जुत्ता ल्याउनु होला। अन्य दैनिक प्रयोजनकालागि चाहिने कपडा यतै पनि सामान्यतया सस्तोमा मूल्यमा पाइन्छ।
३) **खाना**: यहाँ नेपाली खाना आफै पकाएर खान सकिन्छ। यताका डिपार्टमेंन्ट स्टोर र अन्य पसलमा चामल, दाल, गेडागुडी, साग र अरु तरकारीहरु उपलब्ध हुन्छ। तर तपाईलाई आवश्यक र मन पर्ने मसला ल्याउनु भए हुन्छ। तपाईको रुचि अनुसार प्रेशरकुकर र म: म: पकाउने भाडा ल्याउनु भए हुन्छ ।
४) **किताब**: यहाँ पुस्तक निकै महंगो हुन्छ र फोटोकपी गर्दा प्रितिलिप अधिकार हनन हुनु हुदैन। ओहायो राज्यका क्याम्पसहरुमा Inter-library loan को व्यवस्था भएकोले आवश्यक पुस्तक सेमेस्टरको शुरुमा नै बुक गरि प्रयोग गर्न सक्नु हुन्छ।
५) **डेरा**: डेरा सामान्यतया विश्वविद्यालय भित्र वा बाहिर पाउन सकिन्छ। तपाई एक्लै वा परिवारसँग आउँदै हुनुहुन्छ भने, सो बारेमा पहिले नै हामीसँग सूचना आदान-प्रदान गर्नुभएमा हामीले तपाईलाई डेराको बारेमा उपयुक्त सल्लाह दिन सक्छौं।
अमेरिकामा डेराको लागि सामान्यतया १ वर्षकोलागि सम्झौता गर्नु पर्ने हुन्छ र संझौता गर्दा एक महिनाको भाडा, निवेदन र प्रशासिनक शुल्क लाग्छ। डेराको booking प्राय ३-४ महिना अगावै गर्नुपर्छ। त्यसैले यस विषयमा तपाईले स्पष्ट निर्णय लिनुहोला। सेमेस्टरको बीचमा डेरा पाउन गाह्रो हुन्छ। तसर्थ तपाईले यस बारेमा हामीलाई जानकारी दिनुभयो भने हामी तपाईलाइ सहयोग गर्न सक्छौं।

६) **स्वास्थ्य**: यहाँ स्वास्थ्य सुविधा महंगो छ। तपाईलाई कुनै गम्भीर समस्या छ भने नेपालमै उपचार गराएर आउनुहोला। दाँत र आँखाको उपचारलाई General Health Insurance ले समेट्दैन। तपाईले परिवार र अन्य सदस्यको पनि विमा किन्नु पर्ने हुनाले सोहि अनुरुप व्यवस्था गर्नुहोला। तपाईको या तपाईसँग आउने सदस्यको खोप सम्बन्धि प्रमाणिक कागजात अनिवार्य ल्याउनुहोला, विशेषगरि TB, Hepatitis, MMR आदि। यस विषयमा ISSS ले पठाएको कागजात राम्ररी हेर्नुहोला।
७) **खर्च**: तपाईको आफ्नो अध्ययन प्रयोजनकोलागि बाहेक सुरुका दिनमा आवश्यक खर्च गर्न करिब $ १,००० देखि १५०० जतिको Traveler's Check र यात्रा गर्दा बाटो खर्च गर्न $२०० (दुई शय डलर) जति खुद्रा रकम ल्याउनुहोला।
८) **नेपाल सम्बन्धि सामाग्री**: नेपाल सम्बन्धि जानकारी दिने श्रव्य दृश्य, मुद्रित सामाग्री जस्तै क्यालेन्डर, पोष्टकार्ड, कलात्मक वस्तु, साँस्कृतिक सामाग्रीहरु आदि साथमा ल्याउन सक्नु भएमा यहाँ समय-समयमा आयोजना गरिने कार्यक्रमहरुमा नेपालीको तर्फबाट प्रदर्शन गर्न सकिन्छ। तपाईले आफ्नो निजी प्रयोजनको लागी इच्छा अनुसार पूजा सामाग्री ल्याउन सक्नु हुन्छ ।

अन्त्यमा, यस विश्वविद्यालय देखि नजिकमा पर्ने विमानस्थलहरु Canton-Akron International Airport (CAK) र Cleveland International Airport (CLE) भएकोले, तपाईले नेपाल छोड्नु अगाडिनै ISSS लाई तपाईको यात्रा मिति, फ्लाइट नंबर, र आगमन समयको बारे जानकारी दिनुहोला। यदि तपाईलाई कुनै समस्या परेमा हामीलाई संपर्क गर्नुहोला।

यस संस्थासँग सम्बद्ध हामी सबै विद्यार्थी भएकोले तपाईलाई सहयोग गर्नु पर्ने अवस्था भए हामीलाई कृपया अग्रीम जानकारी दिनुहोला। तपाईलाई स्वागत गर्न हामी आतुर छौं।

शुभयात्रा!



तेज गौतम
अध्यक्ष
इ-मेल: tgautam1@kent.edu